का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक २७७
❑ १५ मंसिर २०७८, बुधबार
❑ 1 December 2021, Wednesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।




# एमालेमा फेरि ओली

" केहीको विमति रहेपछि निर्वाचनमा गएको महाधिवेशनमा भीम रावललाई निकै फराकिलो मतान्तरले पराजित गरेर ओली अध्यक्षमा निर्वाचित भए ।

**दिवाकर अधिकारी/मध्यान्ह**
चितवन, १४ मंसिर

नेकपमा एमालेको १० औं महाधिवेशनबाट फेरि पनि केपी शर्मा ओलीले अध्यक्षको जिम्मेवारी पाएका छन् । सर्वसम्मतीमा नयाँ नेतृत्व ल्याउने प्रयासमा केहीको विमति रहेपछि निर्वाचनमा गएको महाधिवेशनमा भीम रावललाई निकै फराकिलो मतान्तरले पराजित गरेर ओली अध्यक्षमा निर्वाचित भएका हुन् । अध्यक्ष ओलीले एक हजार ८३७ मत प्राप्त गरे भने रावलले २२३ मत प्राप्त गरे ।

निर्वाचनमा उपाध्यक्षहरुमा अष्टलक्ष्मी शाक्यलगायत छ जना निर्वाचित भएका छन् भने सो पदमा घनश्याम भुसाल पराजित भएका छन् । उपाध्यक्षहरुमध्ये शाक्यले एक हजार ९७६, सुरेन्द्र पाण्डेले एक हजार ९२५, सुवास नेम्बाङले एक हजार ८६५, विष्णु पौडेलले एक हजार ८५६, युवराज ज्ञवालीले एक हजार ८४२, रामबहादुर थापा बादलले एक हजार ७६८ मत प्राप्त गरेका छन् । भुसालले ७२५ मत प्राप्त गरेका थिए ।

वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, महासचिवमा शङ्कर पोखरेललगायत पदाधिकारी भने निर्विरोध निर्वाचित भएका छन् । तीन उपमहासचिवमा प्रदीपकुमार ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल पनि बाँकी पृष्ठ २ मा

## ■ को हुन् केपी ओली ?

नेकपा एमालेको १० औं महाधिवेशनबाट ४ वर्षे कार्यकालको लागि पुनः केपी ओली निर्वाचित भएका छन् । चितवनको सौराहामा सम्पन्न मतदानमा ओलीले १८०८ मत पाएर निर्वाचित हुँदा प्रत्यासी भीम रावलले २२३ मत मात्र पाए । वि.स. २००८ साल फागुन ११ गते तेह्रथुमको इवा गाउँमा केपी ओलीको जन्म भएको हो । ओलीका बुबा मोहन प्रसाद ओली र आमा मधु ओली हुन् । तेह्रथुमाबाट उनको परिवार झापामा बसाई सरेको हो । वि.स. २०२२ सालमा कम्युनिष्ट राजनीतिमा लागेका ओलीले २०२६ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए । २०२८ सालको झापा आन्दोलनका प्रमुख मध्येका एक ओली राजनीतिक जीवनमा १४ वर्षसम्म जेलजीवन विताएका छन् ।

ओली तत्कालिन नेकपा मालेका संस्थापक नेता समेत हुन् । ओली २०४८, २०५१ र २०५६ को आम निर्वाचनमा झापा क्षेत्र नं ६ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए । यसैगरी उनी २०५९ सालमा झापा क्षेत्रनम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । पहिलो संविधान सभा निर्वाचन २०६४ मा भने उनी झापाको क्षेत्र नं ७ बाट पराजित भएका थिए । विसं २०४९ सालमा नेकपा (एमाले)को स्थायी कमिटी बाँकी पृष्ठ २ मा

लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# राप्रपाको महाधिवेशन आजदेखि



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ मंसिर

लामो फुट र जुटको इतिहास बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टीको एकता महाधिवेशन बुधबार (आज)देखि काठमाडौंमा हुँदैछ । पार्टी अध्यक्षमा युवा नेता राजेन्द्र लिङ्देलले उम्मेदवारीको घोषणा गरेसँगै राप्रपाको महाधिवेशन चर्चामा छ भने अर्कातिर एकता महाधिवेशन नै पुनः फुटको कारक बन्ने चिन्ता पनि उत्तिकै बढेको छ।

बुधबारदेखि शुरु हुन लागेको राष्ट्रिय प्रजातन्त्र पार्टीको एकता महाधिवेशनमा लामो समय पार्टीको बागडोर सम्हालेका कमल थापाका सामु युवानेता राजेन्द्र लिङ्देन चुनौतीका रुपमा खडा भएका छन्। लामो समय थापाको विश्वासपात्रका रुपमा रहेका लिङ्देन अहिलेको एकता महादिवेशनमा भने उनकै प्रतिस्पर्धीका रुपमा खडा भएका हुन्। पार्टीका प्रभावशाली अर्का युवा नेता धवलशम्शेर जबराको समर्थनमा अध्यक्षको उम्मेद्वारी घोषणा गरेका लिङ्देनलाई अध्यक्षत्रय मध्यका डा. प्रकाशचन्द्र लोहनीको पनि साथ मिलेसँगै कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

लिङ्देनले अध्यक्षामा उम्मेद्वारी दिएसँगै देशैभरबाट उनले युवापुस्ताको साथ पाएको दाबी गरिएको छ । यद्यपि लामो फुट र जुटको इतिहास बोकेको राप्रपालाई एकता महाधिवेशन पछि पनि पार्टी एक राख्ने चुनौती रहेको छ ।

उता, आफ्नै विश्वास पात्रहरुले चुनौती दिँदा समस्यामा परेका अध्यक्ष थापा भने लिङ्देनलाई अमुक शक्तिले भाड्न खोजेको अभिव्यक्ति दिँदै आएका छन् । राप्रपा भनेकै कमल थापा भने झैं अध्यक्षको उम्मेद्वारी घोषणा कार्यक्रममा थापाले लिङ्देनलाई टुडिखेलमा दौडेर अध्यक्ष बन्न चुनौती दिएसँगै उनी फेरि पनि एकृकित पार्टीको नेतृत्व गर्न सवल र सक्षम रहेको पुष्टि गर्न खोज्दैछन् ।

सहमतिको पक्षमा रहेका अध्यक्षत्रय मध्यका पशुपति शम्शेर राणा राप्रपाको नेतृत्व चयनमा निर्णायक हुने बाँकी पृष्ठ २ मा

# लेवनानद्वारा श्रम समझदारीबारे निर्णय गर्न आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ मंसिर

लेवनानले सरकारीस्तरमा श्रम समझदारी पत्रमा हस्ताक्षरका लागि यसअघि गरेको प्रस्तावबारे निर्णय गर्न नेपालसँग आग्रह गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)सँग मंगलबार लेवनानका अवैतनिक महावाणिज्यदूत एल शेख मोहमद गोजायलले शिष्टाचार भेट गर्दै उक्त आग्रह गरेका हुन्।

मन्त्रालयमा भएको भेटवार्तामा लेवनानमा कार्यरत नेपाली कामदारहरुको सुरक्षा र व्यवस्थापनको विषयमा छलफल भएको र त्यस क्रममा गोजायलले उक्त आग्रह गरेको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ । गोजायलले लेवनानमा रहेका नेपालीहरुको सुरक्षा तथा समस्या समाधानका लागि श्रम समझदारी पत्रमा हस्ताक्षर गर्न आवश्यक हुने भन्दै श्रेष्ठको ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री श्रेष्ठले श्रम समझदारी पत्रमा हस्ताक्षर गर्न सरोकारवालाहरुसँग वृहत छलफल गरी छिटो टुंगोमा पुगिने जानकारी दिएका छन् । मन्त्री श्रेष्ठले नेपाल र लेवनानबीचको सम्बन्ध सुदृढ बनाउन गोजायलले खेललेको भूमिकाप्रति धन्यवाद व्यक्त गर्दै नेपाल र लेवनान दुबै देश संयुक्त राष्ट्रसंघ, असंलग्न आन्दोलन तथा जी ७७ का सदस्य देश रहेकाले विभिन्न बहुपक्षीय तथा क्षेत्रीय फोरमहरुमा एकै किसिमका एजेण्डा हुने गरेको स्मरण गराएका थिए ।

नेपालले लेवनानमा संयुक्त राष्ट्रसंघमार्फत शान्ति सेना पनि पठाउँदै आएको छ। शान्ति सेनाले त्यहाँ रहेका सीमान्त समुदायलाई सहयोग गर्नुका साथै शान्ति स्थापनाको प्रक्रियामा सहयोग गर्दै आएको छ । पछिल्लो समय लेवनान नेपाली कामदारका लागि आकर्षक गन्तव्यको रुपमा रहेको बताइएको छ ।

## वैदेशिक रोजगार विशेष

# कतारद्वारा करोडौं मूल्यका स्वास्थ्य सामग्री प्रदान

**काठमाडौं/मस–** कताले कोरोना महामारीसँग जुध्न नेपाललाई करोड़ौं मूल्य बराबरका स्वास्थ्य सामग्री प्रदान गरेको छ। कतारका आमिर शेख तामिम विन हमाद अल थानीले कोरोना महामारीसँग जुध्न नेपाललाई आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउंनु भन्ने आदेश बमोजिम कतार फण्ड फर डेभलपमेन्टले ५० वटा भेन्टिलेटरसहित स्वास्थ्य सामग्री उपलब्ध गराएको बताइएको छ ।

टर्किस एयरलाइन्सबाट काठमाडौं आएको भेन्टिलेटरसहितको स्वास्थ्य सामग्री कतारी राजदूतावासका कन्सुलर नासर विन घानिम अल-घानिम अल-मादिदले स्वास्थ्य मन्त्रालयका सहसचिव डा. पवनजंग रायमाझीमार्फत नेपाल सरकारलाई हस्तान्तरण गरे ।

स्वास्थ्य सामग्री हस्तान्तरण गर्ने क्रममा कन्सुलर नासर अल-मादिदले नेपाल र नेपालीले कतार र कतारीका लागि गरेको गुणको बदलामा हरेक समयमा नेपाललाई आवश्यक पर्दा सहयोग गर्ने भन्दै आगामी दिनमा पनि थप सहयोगलाई निरन्तरता दिने बाँकी पृष्ठ २ मा

UAE मा महिला तथा पुरुष Security Guard हरूको लागि रोजगार

कम्पनी: SENTINELS SECURITY SERVICES LLC    शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०८/१४    चलानी नं.: ६०१६९१९२    LT. No.: 252471

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 20 | 3 | स. काममा दक्ष | 1600 | ५२,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Approval Ready भएको हुनाले २० दिन भित्र उडि सक्नुपर्ने छ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३५ बर्ष ननाघेको र महिलाको हकमा उचाई ५ फिट र पुरुषको हकमा उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भइरहेको छ । फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधि द्वारा यहि मिति २०७८ मंसिर २२ गते (8 December 2021) का दिन यसै मेनपावर कार्यालयमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

नोटः- यसै कम्पनीको लागि लाईफ गार्डको पनि आवश्यकता भएको हुँदा आवश्यक परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Mars Manpower Services Pvt. Ltd.
Gov. Lic No. 1471/074/075
Address: Sukedhara, Kathmandu, Nepal | Tel. No.: 01-4375422, 01-4378669
Mobile No.: 9814445108, 9851013859, 9851013696
Web.: www.marsmanpowerservices.com, Email: info@marsmanpowerservices.com

VACANCY ANNOUNCEMENT
PRO (MALE / FEMALE)- 3
ACCOUNTANT (MALE / FEMALE) - 2
• MUST HAVE MINIMUM 3 YEARS OF EXPERIENCE IN MANPOWER FIELD
SALARY NEGOTIABLE FOR DESERVING CANDIDATES
AL SECURE MANPOWER RECRUITMENT PVT LTD
Panchakumari Temple, Chandrodaya Marg, House No. 151
Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Contact Number : 014592900/4589700/4590800
Email : recruitment@smrnepal.com

तु- आवश्यकता
यस मेनपावर कम्पनीको लागि निम्न लिखित कर्मचारी आवश्यक भएको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।
Receptionist - (2 Female)
PRO- (2 Male/Female)
नोट: सम्बन्धित काममा दक्ष तथा म्यानपावर क्षेत्रमा २ वर्ष कामगरेको हुनुपर्नेछ ।
तलब आपसी सहमतिमा
हिमारव ओभरसिज प्रा. लि.
एयरपोर्ट (सुचना विभाग पछाडी) काठमाडौं, नेपाल
E-mail : overseashimarab@gmail.com

## नयाँ भेरियन्ट 'ओमिक्रोन'को त्रास

# यात्रा व्यवस्थापनसम्बन्धी आदेश जारी

**काठमाडौं /मस**–सरकारले कोभिड-१९ को नयाँ भेरियन्ट 'ओमिक्रोन' भित्रन नदिन आवश्यक सतर्कता अपनाउने निर्णय गरेको छ । यही मङ्सिर १३ गते बसेको मन्त्रिपरिषद् बैठकले ओमिक्रोनको संक्रमण देखिएका मुलुकबाट नेपाल आउने यात्रुको यात्रा व्यवस्थापनसम्बन्धी आदेश जारी गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए ।

नयाँ भेरियन्टका रुपमा पुष्टि भएको 'ओमिक्रोन' तीव्र फैलने र गम्भीर संक्रमण गराउने खालको भएको भन्दै विश्व स्वास्थ्य संगठनले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । दक्षिण अफ्रिका, अष्ट्रेलिया, बेल्जियम, जर्मनी, हङकङ, नेदरल्याण्ड, बेलायतलगायत मुलुकमा नयाँ भेरियन्टका संक्रमित फेला परेका छन् । संक्रमण फैलन सक्ने भन्दै सरकारले अत्यावश्यक



सावधानी अपनाएको छ । संक्रमण देखिएका मुलुकबाट आउने यात्रुको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण गर्ने र होटल क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाइएको छ ।

बैठकले आर्थिक वृद्धि तथा उत्पादनशीलताका लागि जापान सरकारबाट प्राप्त हुने १० विलियन जापानी येन (अनुमानित १० अर्ब ३९ करोड) सहुलियपूर्ण ऋण लिने सम्बन्धमा नेपाल सरकारका तर्फबाट वार्ता टोली गठन गर्ने निर्णय गरेको छ । नेपाल विद्युत् प्राधिकरण कृष्णनगर चन्द्रौटा प्रशाखा कार्यालय भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा प्राप्ति गर्न स्वीकृत दिने निर्णय गरेको प्रवक्ता कार्कीले जानकारी दिए ।

बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष युवराज सुवेदीलाई यही मङ्सिर १५ र १६ गते आयोजना हुने अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुन स्वीकृत दिने तथा हेलेज (प्रशोधित घाँस) को व्यावसायिक उत्पादन गरी चीनमा निर्यात गर्ने उद्देश्यअनुरुप नेपाल र चीनबीच सम्झौताका लागि तयार पारिएको प्रोटोकल स्वीकृत गरेको छ । नेपाल सरकार र युएनडिपीबीच सम्पन्न भएको 'स्टाण्डर्ड बेसिक एसिसटेन्स एग्रिमेन्ट' लाई लागू गर्न कूटनीतिक नोट परराष्ट्र मन्त्रालयबाट संयुक्त राष्ट्र संघलाई पठाउन स्वीकृति प्रदान गरिएको छ । यही मङ्सिर २३ र २४ गते अमेरिकाका राष्ट्रपतिबाट भर्चुअलरुपमा आयोजना हुन लागेको लोकतन्त्रसम्बन्धी शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गरेको छ ।

# एचआइभी संक्रमण दर घट्दो

**काठमाडौं /मस**–नेपालमा एचआइभी एड्स संक्रमण दर घट्दै गएको पाइएको छ । विगत १० वर्षको तथ्यांक हेर्दा संक्रमण दर घटेको अध्ययनले देखाएको हो ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा आयोजित 'नेपालमा एचआइभी र एड्सको अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा १० वर्षको अन्तरमा संक्रमण दर ६३ प्रतिशतले घटेको केन्द्रका निर्देशक डा.सुधा देवकोटाले बताए ।

'असमानता हटाऔं एड्स अन्त्य गरौं' भन्ने मूल नाराका साथ ३४ औं विश्व एड्स दिवस आज मनाइँदै छ । यस्तै सन् २०१० मा २१५ जना बालबालिकामा संक्रमण रहेकामा सन् २०२० मा पुग्दा ८० बालबालिमामा मात्र रहेको पाइएको छ । यस्तै सन् २०१० मा एड्सका कारणले एक हजार ४१३ जना मानिसको निधन हुने गरेकोमा त्यो संख्या सन् २०२० मा पुग्दा ६३६ जनामा झरेको छ ।

उनले सरकारले एचआइभी र एड्स नियन्त्रणमा चालेका उपायले संक्रमण दर घटेको




बताइन् । उनका अनुसार सन् २०१० मा दुई हजार ६१ जना नयाँ संक्रमित पाइएकोमा सन् २०२० मा ७५४ जना मात्र पाइएको छ । नियमित उपचार, हेरचाह तथा सहयोग कार्यक्रमले एचआइभीमा संक्रमणमा नियन्त्रण भइरहेको छ ।

सरकारले एचआइभी संक्रमण रोकथामका लागि कण्डम प्रयोग प्रवर्द्धन, एचआइभी परामर्श र परीक्षण, यौन रोगको निदान र उपचार, एन्टी-रेट्रोभाइरल (एआरभी) सेवा प्रदान गरिँदै आइरहेको छ । नेपालमा अहिले एचआइभी संक्रमितलाई ६१ जिल्लामा ८३ वटा एआरभी सेवा प्रदान गरिँदै आइरहेको छ । अहिले २० हजार ८८३ जनाले नियमित एआरभी सेवा औषधि सेवन गर्ने उनले बताउने बताइन् । यो संख्या कूल संक्रमितको ६९ प्रतिशत हो ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिल शर्माले सन् २०२० को अन्त्यसम्म नेपालमा करिब ३० लाख ३०० संक्रमित रहेको जानकारी बताए । उनका अनुसार संक्रमितमध्ये ०.१३ प्रतिशत व्यस्कमा संक्रमण रहेको छ । नेपालमा एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआइभी संक्रमण दर ५ प्रतिशत भन्दाबढी र सामान्य जनसंख्यामा एचआइभी संक्रमण दर एक प्रतिशत भन्दा कम रहेको छ ।

यस्तै सुईद्वारा लागूऔषध प्रयोग गर्नेमा तीन प्रतिशतका दरले संक्रमण रहेको पाइएको छ । यस्तै महिला यौनकर्मीमा २.२ प्रतिशत, पुरुष समलिंगीमा ६.२ प्रतिशत, भारतमा कामदार नेपालीमा पश्चिममा ०.३ प्रतिशत र सुदूरपश्चिममा ०.६ प्रतिशत संक्रमण पाइएको छ । सरकारले २०३० सम्ममा नेपालमा एचआइभी तथा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्य राखेको छ ।

### एमालेमा....

निर्विरोध निर्वाचित भएका छन् । सचिवमा गोकर्ण विष्ट, योगेश भट्टराई, टोपबहादुर रायमाझी, रघुवीर महासेठ, छविलाल विश्वकर्मा, लेखराज भट्ट र पद्मा अर्याल विजयी भएका छन् । केन्द्रीय लेखा आयोगको अध्यक्षमा डा पुष्पराज कँडेल र केन्द्रीय अनुशासन आयोगको अध्यक्षमा केशव वडाल निर्वाचित भएका छन् ।

महाधिवेशनको बन्दसत्रको पहिलो दिन यही मङ्सिर ११ गते अध्यक्ष मण्डलका अध्यक्ष ओलीलाई ३०१ सदस्यीय केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यका उम्मेदवारको नामावली प्रस्तुत गर्न अधिकार दिएको थियो । अध्यक्ष ओलीले विभिन्न नेताहरुसँगको परामर्शमा १२ गतेको बन्दसत्रमा नामावली प्रस्तुत गर्दा अधिकांशले सहमति जनाएकामा रावल, भुसाललगायतका नेताले अस्वीकार गरेपछि निर्वाचन भएको हो ।

साथै एमालेका नवनिर्वाचित अध्यक्ष ओलीसहित सबै पदाधिकारीले मंगलबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् ।

शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै नवनिर्वाचित अध्यक्ष ओलीले पार्टीको नयाँ नेतृत्व पंक्तिलाई बधाई दिएका छन् । मतपरिणाम घोषणा र शपथग्रहणपछि बोल्दै ओलीले नवनिर्वाचित केन्द्रीय सदस्यहरुलाई नेता झैं व्यवहार देखाउन आग्रह गरे । पार्टीका पुराना केन्द्रीय सदस्यहरुले नयाँ आएकाहरुलाई असल तौरतरिका सिकाउन पनि ओलीले दिर्नेशन दिए । अध्यक्ष ओलीले आफूहरु जनताका सेवक भएको बताए । विनम्रताका साथ देश र जनताको सेवामा समर्पित हुनुपर्ने उनको भनाइ छ ।

यस्तै एमालेको दशौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको दोस्रो बैठक मंसिर २५ र २६ गते बस्ने भएको छ । घोषणासभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले पार्टीलाई कामकाजी बनाउने गरी केन्द्रीय कमिटीको बैठक बस्ने बताए । पहिलो केन्द्रीय कमिटी बैठक भने मंगलबार नै सौराहामा बसेको छ । मंसिर २५ र २६ गते बस्ने बैठकमा व्यवस्थित ढंगले प्रस्ताव लगिने र स्थायी कमिटी तथा पोलिटव्यूरो निर्वाचित गर्ने अध्यक्ष ओलीले बताए ।

### को हुन् ...

सदस्य भएका उनी २०७१ असारमा पार्टीको अध्यक्ष निर्वाचित भएका हुन् ।

दोश्रो संविधानसभा निर्वाचन २०७० मा उनी झापा क्षेत्र नं ७ बाट नेकपा एमालेको तर्फबाट निर्वाचित भएका थिए । ओली २०५१ सालदेखि २०५२ सालसम्म गृहमन्त्री भए भने २०६४ देखि २०६५ सम्म उपप्रधान एवम् परराष्ट्र मन्त्री बनेका थिए । वि.स. २०४९ मा नेकपा (एमाले)को स्थायी कमिटी सदस्य भएका उनी २०७१ असारमा पार्टीको अध्यक्ष निर्वाचित भएका हुन् ।

नवौं महाधिवेशनमा पनि माधव कुमार नेपाललाई पराजित गर्दै ओली अध्यक्षमा निर्वाचित भएका थिए । उनी पहिलोपटक प्रधानमन्त्री हुँदा भारतीय नाकावन्दी र मधेश आन्दोलनका कारण पेट्रोलीयम पदार्थको हाहाकार मच्चिएको थियो । आफ्नो प्रधानमन्त्री कालमा दुई पटक संसद विघटन गरेर ओलीले चुनावको घोषणा गरेता पनि सर्वोच्च अदालतले असंवैधानिक घोषणा गरेको थियो ।

एकपछि अर्को विभाजन खेपेको पार्टीले 'एकता महाधिवशेन' सम्पन्न गर्दा ओली फेरि अध्यक्षमा दोहोरिएका हुन् । एमालेबाट असन्तुष्ट केहि नेताहरुले नयाँ पार्टी स्थापना गरेर छुट्टै शक्ति निर्माण गर्न सफल भएको क्षणमा भएको यो महाधिवेशनले फेरि एकपटक एमालेको नेतृत्वको सम्हाल्न पुगेका अध्यक्ष ओलीले पार्टीमा आएको विचलनलाई कसरी मिलाउन खोज्छन् त्यो भने आगामी दिनको कार्यले देखाउने छ ।

### राप्रपाको ....

देखिएका छन् । अर्को तर्फ थापाको विगतको कार्यशैली, पद लोलुपताका र सिद्धान्तमा विचलित बन्दा पार्टी कमजोर बनाएको आरोप पनि छ । यो विषयलाई राप्रपा नेता र कार्यकर्ताले कस्तो नेतृत्वलाई चुन्न तयार छन् भन्ने प्रश्न तेर्सिएको छ ।

उता पार्टी अध्यक्ष पशुपतिशमशेर राणाले उम्मेदवारी दिने तयारी गरिरहेका बेला अन्तिम समयमा पछि हटेका छन् । राणानिकटका नेताहरू फत्तेसिंह थारू, जयन्त चन्द, दीपबहादुर सिंहलगायतले थापालाई समर्थन गरेका छन् । राणानिकट मानिएका राजाराम श्रेष्ठ, दुर्गा श्रेष्ठ, सगुनसुन्दर लावती, जगत गौचन, किशोर कार्की, प्रेम बलायर, आङछिरिङ शेर्पा, रवीन्द्रप्रताप शाहलगायतले सोमबार बेग्लै भेलामार्फत लिङ्देनलाई समर्थन गर्ने घोषणा गरेका छन् ।

### कतारद्वारा...

आश्वासन दिएका छन् । स्वास्थ्य मन्त्रालयका सहसचिव डा. पवनजंग रायमाझीले कतार सरकारलाई धन्यवाद दिँदै कतार सरकारले गरेको सहयोगले नेपाललाई महामारीसँग लड्न हिम्मत मिलेको बताए । डा. रायमाझीले कतार सरकारले दिएका भेन्टिलेटरहरूलाई अति आवश्यक देखिएका सरकारी अस्पतालहरूमा उपलब्ध गराउंने जानकारी दिए ।

कोरोना महामारी शुरू भएपछि नै कतार सरकारले नेपाल सरकारलाई चार्टड फ्लाइटमार्फत स्वास्थ्य सामग्री पठाएको थियो भने कोभ्याक्स कार्यक्रममार्फत कोरोनाविरूद्धको खोप उपलब्ध गराएको थियो ।

कतारमा तीन लाख बढी नेपाली कार्यरत रहेका छन् । कतारमा हालसम्म २ हजार ५ सय ७७ नेपालीले रोजगारीका क्रममा ज्यान गुमाएका छन् । त्यस विषयलाई कतारले गम्भीरताका साथ लिनुपर्ने कतार मामिलाका जानकारहरूले बताउँदै आएका छन् ।


## नाम परिवर्तन सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७७/०८/१५**

**साई अल्फा बीटा हेल्थ केयर प्रा.लि.**को मिति २०७६/०५/३० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बीटा इन्टरनेशनल प्रा.लि.** कायम गर्ने गरी मिति २०७७/०६/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/८/१५**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ३९७.५९ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह, भिमाद १, तनहुँ**

## कतारमा रोजगार

कम्पनी: **BIN ARBAID INDUSTRIAL SERVICES WLL**
शहर: **DOHA**

पूर्व स्वीकृत मिति: २०७८/०८/१४ चलानी नं.: ६०१६९१३९ LT. No.: 252510

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Maker | 10 | 0 | | 1100 | ३६,२०१ | | | | | | | |
| 3. | Technician | 2 | 0 | | 1100 | ३६,२०१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
9801023474, Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com
Gov. Lic no: 764/065/066


## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मझारे, मोरङ्ग**
**१ नं.प्रदेश, नेपाल**

**ठेक्का स्विकृत गर्ने सम्बन्धि आसयको सूचना**

**प्रकाशित मिति: २०७८/०८/१५**

यस कार्यालयको मिति २०७८।०४।२७ को सूचना बमोजिम ई विडको माध्ययम द्वारा प्राप्त हुन आएका देहाय बमोजिमका बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्विकृतको लागि छनौट गरिएको यस कार्यालयको मिति २०७८।०८।१४ गते निर्णय भएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कामको विवरण | कबोल अंक |
|---|---|---|---|---|
| १ | JRM/building/ NCB/078/079-01 | श्री अनक जोया एण्ड ब्रदर्स जे भि सुनसरी | Construction of Admin Building of Jahada Rural Municality | १०,४५,३०,७३१.०० दश करोड पैतालिस लाख तिस हजार सात सय एकतिस मात्र |

**प्रमुख प्रशासकिय अधिकृत**

## Ganyapdhura Rural Municipality
## Office of The Rural Municipal Executive

Ganespur, Dadeldhura
Sudurpashim Province, Nepal

**Invitation For Bids**

Date of publication: **2078-08-15 BS (2021-12-01 AD)**

1. Ganyapdhura Rural Municipality invites open competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| SN. | Contract No. | Name of work | Cost Estimate (Nrs) Without VAT | Bid Security Amount(Nrs) | Fee for Bid Document (Nrs) |
|---|---|---|---|---|---|
| 1 | GDRM/NCB/ Works/03/2078/079 | Construction of Pariwan Water Supply Scheme Ganyapdhura Rural Municipalty-02, Korgaun. | 8,605,836.79 | 2,69,500.00 | 3000.00 |
| 2 | GDRM/NCB/ Works/04/2078/079 | Construction of Seltada Water Supply Scheme Ganyapdhura Rural Municipalty-03, Seltada. | 50,74,021.31 | 1,59,500.00 | 3000.00 |
| 3 | GDRM/NCB/ Works/05/2078/079 | Construction of Pre-fab Cold Store Ganyapdhura Rural Municipalty-02, Parikhet. | 49,40,380.16 | 1,54,500.00 | 3000.00 |
| 4 | GDRM/NCB/ Works/06/2078/079 | Construction of Retaining wall with Gabion box Ganyapdhura Rural Municipalty-02, Badal. | 26,86,960.67 | 85,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Ganyapdhura Rural Municipality, Ganeshpur Dadeldhura, Contact no. 9858788707, email: ganapdhurarm@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's e- GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Ganyapdhura Gaunpalika Aantarik Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Nepal SBI Bank Ganyapdhura Branch**
   **Name** of Office: **Ganyapdhura Rural Municipality**
   **Antarik Rajaswa Khata : Ga 1.1 - 41995241207004**
5. Pre-bid meeting shall be held at ***Ganyapdhura Rural Municipality Office*** at ***4pm*** at 2078/09/05 (20 December, 2021).
6. Electronic bids must be submitted to the office ***Ganyapdhura Rural Municipality, Ganeshpur, Dadeldhura*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 pm*** **on** 2078/09/16 (31 Decembber, 2021). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 pm*** **on** 2078/09/16 (31 December,2021 at the office of ***Ganyapdhura Rural Municipality, Ganeshpur, Dadeldhura***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. In other things not mentioned in this notice, Public procurement Act 2063 and Public Procurement Regulation 2064 or current governmental laws will be applicable.

# फोहोरमैला व्यवस्थापनमा थापाथली अस्पतालको लापरबाही

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, १४ मंसिर

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीले फोहोरमैला व्यवस्थापनमा लापरबाही गरेको छ। जसका कारण अस्पताल र त्यस वरपरको वातावरण दुर्गन्धित बन्दै गएको छ।



अस्पतालबाट निस्कने महिलाले प्रगोग गर्ने प्याडजन्य पदार्थ खुल्ला रुपमा कन्टेनरमा फ्याक्ने गरिएको छ। खुल्ला कन्टेनरमा व्यवस्थापनका लागी फ्याकिएको उक्त प्याड, गज, कपासको डंगुर कुहिएको रगतको गन्धका कारण काग र कुकुरले बोकेर अन्यत्र लाने गरेको छ। अस्पतालले फोहर व्यवस्थापनमा लापरबाही गर्दा काग तथा कुकुरले ति प्याडजन्य पदार्थ ओसारेर विभिन्न स्थानमा पुऱ्याउने गरेको हो। सोही अस्पतालमा सेवा लिइरहेका प्रमिला श्रेष्ठले अस्पताल वरपर पनि जथाभावी फोहर रहेको बताइन्। अस्पतालका निमित्त निर्देशक श्रीप्रसाद अधिकारीका अनुसार अस्पतालबाट निस्कने फोहरजन्य पदार्थहरुबाट बायोग्यास निकाल्ने गरेको र अस्पतालबाट निस्कने प्याड, गज, कपास जस्ता फोहोरजन्य बस्तु खुला रुपमा थुपारिएकोले ढक्कन नहुँदा समस्या देखिएको बताए। उनले छिट्टै नै उक्त समस्याको समाधान गरिने बताए।

# दर्जन बढी भेडाबाख्रा मरे

नविन अंकुर/मध्यान्ह
मनाङ, १४ मंसिर

मनाङमा सवारीसाधनसँग तर्सिएर भाग्दा मनाङमा दर्जन बढी भेडाबाख्रा मरेका छन्। हिमाली क्षेत्रमा चिसो बढेसँगै भेडिगोठबाट बेँसी झर्ने क्रममा नासों गाउँपालिका-३ खोत्रोमा सवार ीसाधनसँग तर्सिएर भाग्दा भीरबाट मर्स्याङ्दी नदीमा खसेर भेडाबाख्रा मरेका हुन्।

सदरमुकाम चामे गाउँपालिका-१ र २ का नरेन्द्र घले, नन्दबहादुर गुरुङ र नलबहादुर गुरुङ लगायतले सञ्चालन गरेको सिद्धार्थ भेडा फार्मका नौ भेडा र दुई बाख्रा मरेका छन्।

भेडीगोठबाट बेँसी झर्ने क्रममा खोत्रो आइपुगेको र चामेतर्फबाट आएको जीप र विपरीत दिशातर्फ जाँदै गरेको मोटरसाइकलको बीचमा परेपछि तर्सिएर भाग्दा ३१ भेडाबाख्रा भीरबाट खसेको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मनाङका प्रमुख नारायण कुसुमले जानकारी दिए।

प्रमुख कुसुमका अनुसार भीरबाट ३१ भेडाबाख्रा खसेकोमा दुईवटा बाख्रा र नौवटा भेडा घटनास्थलमै मरेका छन्। सडक छेउमै रहेको भीरबाट करिब १५ मिटर तल खस्दा भेडा बाख्रा मरेका उनले बताए। खबर प्राप्त भएसँगै कार्यालय प्रमुख कुसुमसहित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका टोली घटनास्थल पुगेर अनुगमन समेत गरेका थिए। स्थलगत अनुगमनको क्रममा घटना सत्य भएको र बाँकी घाइते भेडा बाख्राको उपचार समेत गरिएको कार्यालय प्रमुख कुसुमले बताए।

मरेका भेडाको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको उनको भनाइ छ। आकस्मिक रुपमा पशुपालक किसानलाई क्षति पुगेकाले क्षतिपूर्ति दिने र किसानलाई व्यवसाय पुनःस्थापना कार्यक्रमबाट सम्बोधन हुनेगरी आवश्यक प्रक्रिया अगाडि बढाइएको उनको भनाइ छ।

व्यावसायिक भेडाबाख्रापालन हुँदै आएको सिद्धार्थ भेडा फार्ममा हाल ५०० भेडाबाख्रा छन्। गर्मी मौसममा समुद्री सतहबाट तीन हजार मिटरमाथि उचाइमा पुग्ने मनाङका भेडीगोठ चिसो बढेसँगै बेँसी झार्ने गरिन्छ।

# पाँच महिनामा १ सय ७ फरार प्रतिवादी पक्राउ

**बाँके/मस**–जिल्ला प्रहरी कार्यालय बाँकेले फरार प्रतिवादीहरु धमाधम पक्राउ गरेको छ। हालसम्म १ सय ७ जना फरार प्रतिवादी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। असारमा एसपी श्यामकृष्ण अधिकारीले बाँकेको सुरक्षा कमाण्ड सम्हालेका थिए। उनी आएको पाँच महिनामै यो सफलता मिलेको हो।

उनी आएकै महिनामा १० जना फरार प्रतिवादी पक्राउ परे। त्यसमा बैंकिङ कसुरका ३ जना, लेनदेनका ३, चोरीका २ तथा वन र जबर्जस्ती करणीका १/१ जना थिए। साउनमा यो संख्या बढेर तेब्बर पुग्यो। साउनमा पक्राउ पर्ने फरार प्रतिवादीको संख्या ३२ पुगेको थियो। त्यसमा चोरीका १५, लागू औषध, लेनदेन, चेक अनादारका ३/३ जना, सवारी ज्यान २ तथा बैंकिङ कसुर, नकबजनी चोरी, आगलागी, वन, बाल यौन दुराचार, अभद्र व्यवहार र हातहतियार खरखजनाका १/१ जना प्रतिवादी पक्राउ परेका हुन्।

यस्तै एसपी अधिकारी आएको तेस्रो महिना भदौमा पनि २० जना फरार प्रतिवादी पक्राउ परे। त्यसमा चेक अनादार ५, बैंकिङ कसुर, चोरी, कुटपिट र सवारी ज्यानमा २/२ जना तथा ज्यान मार्ने उद्योग, लागूऔषध, मानव बेचविखन, जबर्जस्ती करणी, आगलागी, गोवध र बैदेशिक रोजगार मुद्दामा १/१ जना पक्राउ परेका थिए। जिल्ला प्रहरी कार्यालय बाँकेले उपलब्ध गराएको तथ्यांक अनुसार असोज महिनामा पनि १६ जना फरार प्रतिवादी पक्राउ परेका थिए। त्यसमा जबर्जस्ती करणी मुद्दामा ६ जना, लागूऔषध, बन्यजन्तु ओसारपसार र सार्वजनिक अपराधमा २/२ जना पक्राउ परे। त्यस्तै बन, चोरी, सवारी ज्यान र बहुविवाह मुद्दाका १/१ जना पक्राउ परेका थिए।

कात्तिक महिनामा १८ जना फरार प्रतिवादी पक्राउ परेका थिए। त्यसमा लागूऔषधका ४ जना, चोरी, लेनदेन, चेक अनादार, हेलचक्र्याइँ गरी कर्तब्य ज्यान र बाल यौन दुर्व्यवहार २/२ तथा ज्यान मार्ने उद्योग, सवारी ज्यान, घरेलु हिंसा र रेडपाण्डा मुद्दाका १/१ जना फरार प्रतिवादी पक्राउ परेको बाँके प्रहरीले जनाएको छ। यस्तै मंसिर महिनाको हालसम्म ११ जना पक्राउ परेका छन्। त्यसमा बन र गोवधका २/२ जना तथा चोरी, कुटपिट, लागूऔषध, लेनदेन, चेक अनादर, पुनःचलन र अभद्र व्यवहारमा १/१ जना पक्राउ परेका छन्। बाँके प्रहरी प्रमुख एसपी अधिकारीले बाँके प्रहरीले फरार प्रतिवादी पक्राउ गर्ने कार्यलाई प्राथमिकतामा राखेर अभियानकै रुपमा अगाडि बढाएको बताए।

# पशुपतिमा बाला चतुर्दशी मेला लाग्ने

काठमाडौं/मस-पशुपति क्षेत्रमा बाला चतुर्दशीको मेला लाग्ने भएको छ। गत वर्ष कोरोना जोखिम तीव्र रहेकाले पशुपति क्षेत्र विकास कोषले बाला चतुर्दशी मेला औपचारिकरुपमा स्थगित गरेको थियो।

यस वर्ष भने कोरोना जोखिम न्यून भएकाले स्वास्थ्य सुरक्षाका विधि अपनाएर मेला सञ्चालनको तयारी गरिएको कोषका कार्यकारी निर्देशक डा.घनश्याम खतिवडाले बताए।

प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीको राति पशुपतिनाथ मूल मन्दिर प्रांगणमा दिवंगत पितृका नाममा दीपदान गर्न लाखौँ भक्तजनको भीड लाग्ने गर्छ। रातभर महादीपदान गरेर बसेका भक्तजनले चतुर्दशीका दिन बिहान स्नान गरी पशुपति क्षेत्रको मृगस्थलीलगायत स्थानमा शतबीज छर्ने गर्छन्। यसो गरेमा दिवंगत पितृले शान्ति पाउने धार्मिक विश्वास छ।

यस वर्ष यही मंसिर १६ गते राति महादीपदान गर्ने र मङ्सिर १७ गते बिहान शतबीज छर्ने दिन रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ। यस अवसरमा देशका विभिन्न भागबाट भक्तजन पशुपतिनाथ मन्दिरमा आउने गर्छन्। यहाँ आउन नसक्ने भक्तजनले भने नजिकको शिवालयमा त्रयोदशीको राति महादीपदान गरी चतुर्दशीका दिन बिहान शतबीज छर्ने गर्छन्।

कोरोना जोखिम न्यून भए पनि पूर्णरुपमा नियन्त्रण नभएकाले भक्तजनलाई अनिवार्य मास्क लगाएर पशुपति क्षेत्रमा प्रवेश गर्न कोषले आह्वान गरेको छ। चिसोबाट बच्न भक्तजनका लागि अधिकतम व्यवस्था गर्ने गरी कोषले तयारी गरेको कार्यकारी निर्देशक खतिवडाले बताए।


## Vacancy Announcement

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

PRO : 2 (Male/Female)
Office Secretary : 1 (Female)
Documentation : 1 (Female)

Requirement : 3 Years Experience In Related Field And Must Have Computer Knowledge And Nepali Typing Also.

Salary Negotiable

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 4112748, Mo: 9801865810
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com



## साउदीमा रोजगारको अवसर | कम्पनी: AL RAKI INDUSTRIAL STONE FACTORY
शहर: KSA
पूर्व स्वीकृत मितिः २०७८/०८/१४ | चलानी नं.: ६०१६९१८४ | L.T. No.: 252480

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## कतारमा रोजगारको अवसर | १. कम्पनी : GULF ALLIED CO
शहर: DOHA
पूर्व स्वीकृत मिति:२०७७/११/२१ | चलानी नं.: ६०१५५०५९ | L.T. No.: 236639 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lobourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1800 | ५९,२३८ | | | | | | | |
| 3. | Tile Maker | 1 | 0 | | 1100 | ३६,२०१ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 1100 | ३६,२०१ | | | | | | | |

२. कम्पनी : CUBE HOUSE DECORATION | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/०२ | चलानी नं.: ६०१६७९२८ | L.T. No.: 250867 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८२,२७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मंसिर २२ गते (8 Dec. 2021) हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541
Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np



## कतार र साउदीमा रोजगारको अवसर

१. कम्पनी : PYRAMIDS TRADING, CONTRACTING & TRANSPORT CO. | शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/१३ | चलानी नं.: ६०१६९२०९ | LT. No.: 252019

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | स. काममा दक्ष | 1900 | ६२,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL-BERRI UNITED FOOD CO.LTD. | शहर: KSA
पूर्व स्वीकृत मितिः २०७८/०८/१२ | चलानी नं.: ६०१६९२१० | LT. No.: 252020

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Keeper | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Clerk | 2 | 0 | | 1500 | ४७,९२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


Growth Process International Employment Pvt. Ltd.
श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Mob.: 9849476159, 9851146986, 9808932656, 9823862551,9851095260
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com



## साउदीमा रोजगार | १. कम्पनी : AYED FALEH AL DOSSARY BLACKSMITH WORKSHOP
शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०६/२० | चलानी नं.: ६०१६९१२८ | LT. No.: 247738 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : FALEH AL-DOSSARY TRANSPORTATION | शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०६/२० | चलानी नं.: ६०१६९१३८ | LT. No.: 247737 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नामामा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


The Global Recruitment Agency Pvt.Ltd.
Govt. Lic. No.: 1253/074/075
बसुन्धारा -१०, टोखा नगरपालिका काठमाडौं, नेपाल, फोन: ०१-४३६५२६४, ४३६५९८३, मो.: ९८६५०७३२१२
Email: document.tgra@gmail.com,



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: FASHION FOOD CO. FOR SWEETS CATERING AND RESTAURANT | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०७/२८ | चलानी नं.: ६०१६७५३३ | LT. No.: 250242 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst.cook. | 12 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५१,४८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 12 | 0 | | 120 | ४७,५२२ | | | | | | | |
| 3. | Waiter | 0 | 12 | | 120 | ४७,५२२ | | | | | | | |
| 4. | Cleaners | 12 | 0 | | 90 | ३५,६४१ | | | | | | | |
| 5. | Light Driver | 12 | 0 | | 135 | ५३,४६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं र इटहरीमा Skype बाट २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 4112748
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com



## युएईमा रोजगार | कम्पनी : T M A X ON DEMAND LABORS SUPPLY
शहर:DUBAI
पुर्व स्वीकृत मितिः २०७८/०८/१४ | चलानी नं.: ६०१६९२२७ | L.T. No.: 251573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messenger | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 0 | 15 | | 1000 | ३२,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


PEOPLE HRS PVT. LTD.
Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org



## HOSPITALITY TRAINING

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पहिला आउने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
जागिरको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts

## सम्पादकीय

# रावलले सिकाएको पाठ

नेकपा (एमाले)मा १० बुँदे सम्झौताका पक्षधर समूह सुरूवातीदेखि नै कमजोर अवस्थामा थियो । देखिँदा एउटै समूह देखिए पनि फरक–फरक स्वार्थका कारण १० बुँदे समूह विभाजित देखिन्थ्यो । १० औं राष्ट्रिय महाधिवेशनको दौरान समूहभित्रको विभाजन स्पष्ट रूपमै बाहिर प्रकट भएको थियो । समूह विभाजित भएपछि नै नेता भीम रावलले एकल रूपमै रिपोर्टर्स क्लबबाट अध्यक्षको उम्मेदवारी घोषणा गरेका थिए । पार्टी कार्यालयमा ठाउँ नदिएपछि नै रावलले उम्मेदवारी घोषणा गर्न रिपोर्टर्स क्लब रोजेका थिए । एक्लो भएका रावलले एक्लो रूपमै उम्मेदवारी घोषणा गर्नु आफैंमा अर्थपूर्ण थियो ।

सार्वजनिक रूपमै प्रकट नगरेपनि रावल चुनावी प्रक्रियामा हार्छु भन्नेमा ढुक्क थिए । महाधिवेशन प्रतिनिधि चयनकै प्रक्रियामा केपी शर्मा ओली पक्षले गरेको एकलौटीबाट रावल पक्कै पनि अनविज्ञ थिएनन् । हार्छु भन्ने थाहा भएको प्रक्रियामा पनि रावल अडान लिएरै बसे । ओलीले आफुँ अनुकुलको समूह बनाएर सर्वसम्मत नेतृत्व बनाउन गरेको प्रक्रियामा रावलले बाँझो हालेका थिए । उनले हारेरै भएपनि एमालेभित्र ओलीले विकास गर्दै गरेको प्रवृत्ति र सोंचलाई तोड्न चाहन्थे ।

आज चुनावी प्रक्रियाबाट रावलसहित नेताहरू घनश्याम भुसाल, भीम आचार्य र टंक कार्की पराजित भएका छन् । नवौं महाधिवेशनबाट पदाधिकारी भएका नेताहरू आज पदाधिकारीमा समेटिन सकेनन् । तर, निर्वाचनको प्रक्रियामा पराजित भएको भएपनि उनीहरूको अडानले भने एमालेमा जितको इतिहास कायम गरेको छ । उनीहरू ओली र ओलीको सोंचलाई असफल बनाउन सफल भएका छन् । उनीहरूले एमालेभित्रको लोकतान्त्रिक अभ्यासलाई मर्न दिएनन् । नेताहरूले एमालेभित्र ओलीले जबरजस्त विकास गर्न खोजेको मनमौजी प्रवृत्तिलाई तोडेरै छोडेका छन् । २०४६ पछि एमालेभित्र विकास हुँदै आएको लोकतान्त्रिक अभ्यासलाई रावलसहितका केही नेताको कारण तोडिएको छैन । यो एमालेको लागि निकै ठूलो शिक्षाको पाठ हो ।

ओलीले तयार गरेको सूचीका पात्रहरूले चुनावी प्रक्रियाबाट जित त हाँसिल गरेका छन् तर, उनीहरू सर्वसम्मत चयन हुन सकेनन् । जितेका कतिपय पात्र पनि निकै कमजोर मतले जित्ने अवस्थामा पुगे । पार्टीभित्रको लोकतान्त्रिक अभ्यासमा कार्यकर्ताहरूको मतलाई सम्मान गर्नु प्रमुख दायित्व हो । भलै प्रतिनिधि चयनमा लोकतान्त्रिक अभ्यासमा केही कमी देखियो । तर, महाधिवेशनको दौरान एमालेको विधि र विधानअनुरुप लोकतान्त्रिक अभ्यासले जित भने हाँसिल गरेको छ । यो एमाले र अन्य दलहरूको लागि पनि निकै ठूलो पाठ हो । यसले एकातिर कार्यकर्ताबाट अनुमोदित हुनुपर्ने भन्ने बुझाईलाई स्वीकार गरेको छ भने अर्कोतिर, नेतालाई जबरजस्त कार्यकर्ताप्रति बफादार हुन सिकाएको छ ।

# धराशायी पर्यटन क्षेत्र र सुधारका पक्षहरु

सबै तह र तप्काका मानिसहरुले पर्यटन क्षेत्रको विकासमा आत्मसाथ गर्न सके नेपालको आर्थिक वृद्धि हुनुको साथै समुन्नत समृद्धि नेपाल निर्माण गर्न सहज पुग्दछ । कोभिड-१९ को महामारीले सिर्जना गरेको पर्यटकीय क्षेत्रको धरासाही तथा चुनौतीपूर्ण परिस्थितिको सामाना गर्दै पर्यटन क्षेत्रलाई गतिशिल तुल्याउनु राज्यको प्रमुख जिम्मेवारी हो ।



● झलक शर्मा

नेपाली पर्यटन क्षेत्रले विभिन्न चुनौतीहरुको सामना गरिराख्नु परेको छ। मुलुकमा दश वर्षे सशस्त्र द्वन्द्व समाप्तिपश्चात देशमा पर्यटन र पर्यटनसँग सम्बन्धित कृयाकलापहरु बढ्दै गयो । पर्यटन क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताको लगानी गर्ने चाहना वृद्धि हुँदै गएको थियो । तर २०७२ सालको विनासकारी भूकम्पले यस क्षेत्रलाई नराम्ररी गाँज्यो । ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुमा क्षति पुग्यो । देशमा आउन इच्छा गर्ने मानिसहरु त्रसित भए । त्यस्तै भुकम्प पछिको पूर्ननिर्माणको गतिविधि एवं संविधान निर्माण पछि पर्यटन क्षेत्रमा केही सुधार हुँदै आएको थियो । नेपालमा पर्यटकीय गतिविधि संचालन गर्न र मुलुकको अर्थतन्त्रलाई गतिशिल बनाउनका लागी नेपाल भ्रमण वर्ष २०२० को अभियान घोषणा गरिएको थियो । तर यही समयमा कोभिड-१९ को महामारीको संक्रमणले गर्दा सो कार्यक्रम रद्द गर्नु पर्ने अवस्था आयो । लामो समयसम्म भएको चरणबद्ध बन्दाबन्दीले गर्दा यस क्षेत्रको गतिविधिमा शुन्यता छायो । कैयौं पर्यटन व्यवसायीहरु टाट पल्टे, कैयौं व्यक्तिको रोजगार गुम्यो । सन् २०१९ मा नेपाल भित्रने पर्यटकको संख्या ११ लाख ९७ हजार १ सय ९१ जना रहेको थियो । सन् २०२० मा कोभिड-१९ को महामारीका कारण कुल पर्यटक आगमन संख्या २ लाख ३० हजार ८५ मा सीमित रहि अघिल्लो वर्षको सोही अवधिको तुलनामा करीब ८१ प्रतिशतले घट्न गएको छ। कोरोना भाइरसविरुद्धको खोपको उपलब्धता र संक्रमणको फैलावटमा कमी आएकोले अबका दिनमा पर्यटन क्षेत्रले गति लिनेमा विश्वास गर्न सकिन्छ। पन्ध्रौं योजनाअनुसार पर्यटन क्षेत्रबाट कुल ग्रार्हस्थ उत्पादनमा २.७ प्रतिशत योगदान रहेको छ । जसमा २ लाख व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । प्रति पर्यटक खर्च प्रति दिन ४८ अमेरिकी डलर रहेको छ भने उनीहरुको औसत बसाई १२.७ दिन रहेको छ । त्यस्तै चालु योजनाको अन्तिम वर्षमा विदेशी पर्यटक आगमन संख्या ३५ लाख पुग्ने अपेक्षित उपलब्धि रहेको छ । पर्यटकको सरदर बसाई अवधि १५ दिन र दैनिक खर्च १०० अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । यही योजना अवधिमा ३ लाख ८२ हजार थप प्रत्यक्ष रोजगारीको अवसर सृर्जना भएको हुने र कुल ग्रार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत पुगेको हुने अपेक्षा राखिएको छ ।

नेपालमा सार्क मुलुक विशेषगरि भारतीय पर्यटकहरु बढी भित्रिने गरेका छन् । फस्टाउदै गरेको होमस्टे कार्यक्रमले ग्रामिण पर्यटकीय स्थलको प्रवर्द्धनमा ठुलो सहयोग पुग्दै आएको छ। बाह्य पर्यटक जति भित्राउन सकिन्छ त्यति नै देशले समृद्धिको मुहार फेर्ने गर्दछ । विदेशी पर्यटकबाट नेपालले आयआर्जन वृद्धि गर्नुका साथै देशमा रहेको विद्यमान बेरोजगारीको अवस्थालाई केही हदसम्म न्यूनिकरण गरेको छ। विदेशी पर्यटकसँग भएको सीप, अनुभव, रणनीतिक ज्ञान, प्राविधिक ज्ञान, विदेशी नीतिबारे विनिमय वा साटासाट गर्ने अवसर नेपालीहरुमा प्राप्त भएको छ। यस्ता थुप्रै अवसरहरु हुँदा



पर्यटन उद्योगलाई व्यवस्थित गर्न सरकार र पर्यटन व्यवसायीबिच समन्वय हुनु जरुरी छ । यसमा नागरिक समाजले पनि आफुले गर्न सकेको योगदानको अपरिहार्यता छ ।

हुँदै पनि हामीले पर्यटन क्षेत्रबाट लाभ लिन सकिरहेका छैनौं। समस्याहरुको चाङ बढ्दै गए पनि समाधान तर्फ ध्यान दिन सकिएको देखिँदैन ।

पर्यटन क्षेत्रलाई सहज र सरलरुपमा व्यवस्थापन गर्नका निमित्त थुप्रै संघ संस्थाहरु जन्मिएका छन् । संघ संसस्थाहरु केवल अगुवाको भूमिकामा देखिन्छन् भने कार्यान्वयन पक्ष कछुवाको गतिमा छ । प्रमुख चर्चामा रहेका पर्यटकीय स्थल बाहेक अन्य पर्यटकीय स्थल तथा गन्तव्यहरुको खोज अनुसन्धान गर्न सकिएको छैन । चुनावमा दलहरुले गरेको प्रतिबद्धता र उनीहरुले प्रकाशन गरेको घोषणापत्रअनुसार पर्यटन क्षेत्रको विकास गर्न पछि परेका छन् । अनावश्यक सिण्डिकेट हाबी भएको छ । पर्यटन व्यवसायीहरु होटल र ट्रेकिङ्ग व्यवसायमा बढी केन्द्रित रहेका छन् । व्यापारी र सरकारबिच समन्वयको अभाव छ। पर्यटकीय पूर्वाधारहरुको विकासमा सरकार बारम्बार असक्षम बन्दै गएको छ । पर्यटकलाई सहजरुपममा व्यवस्थापन गर्न विभिन्न देशका भाषाका विद्यालयहरु खुल्न सकेका छैनन् । पर्यटकहरुको सुरक्षाको प्रत्याभुति गर्न सकिएको छैन । हवाइ मार्ग झन् असुरक्षित बन्दै गएको छ । पर्यटकसँग असुल गर्ने चन्दा आतंक नियन्त्रण गर्न सकिएको छैन । पर्यटकीय स्थलहरुको व्यापक प्रचार प्रसार गर्न सकिएको छैन। पर्यटन उद्योगमा कार्यरत कर्मचारी तथा श्रमिकहरुको लागि जोखिमको मात्रा हेरी विभिन्न विमाहरु तथा आकस्मिक राहतको व्यवस्था हुन सकेको छैन । यस्ता समस्याहरु विद्यमान रहिरहे नेपालको पर्यटन उद्योग धराशायी बन्ने प्रवल सम्भावना देखिन्छ। यस्ता समस्याहरुलाई जरैबाट उखेल्न सके नेपालको पर्यटन उद्योग मौलाउदै जाने देखिन्छ ।

### पर्यटन क्षेत्रको सुधार कसरी गर्ने ?

पर्यटन उद्योगलाई व्यवस्थित गर्न सरकार र पर्यटन व्यवसायीबिच समन्वय हुनु जरुरी छ। यसमा नागरिक समाजले पनि आफुले गर्न सकेको योगदानको अपरिहार्यता छ । कोरोना महामारीबाट प्रभावित भएका उद्यमीलाई उचित राहत तथा प्याकेज उपलब्ध गराउने एवं रोजगारी गुमाएका जनशक्तिलाई पुनर्स्थापना गराई रोजगारीको सुनिश्चितता गर्नुपर्दछ । पर्यटन नीति, २०६५ अबलम्बन गर्दै यस क्षेत्रको सुधार गर्नुपर्दछ। साहासिक पर्यटन र अन्य रमणिय पर्यटकीय गन्तव्यको खोजी गर्ने, दलहरुको पर्यटन उद्योगप्रति प्रतिबद्धताको कार्यान्वयन गर्ने । पर्यटकहरुलाई सुरक्षाको प्रत्याभुति दिलाउने । हवाई सुरक्षालाई मध्यनजर गदै अध्ययन अनुसन्धान गर्ने । पर्यटन उद्योगमा संलग्न कर्मचारी तथा श्रमिकहरुलाई विभिन्न भाषामा दक्ष बनाउने तथा विभिन्न बीमाको व्यवस्था गर्ने, भैपरि आउने जोखिम निराकरण गर्न उद्धत रहने । व्यापक प्रचार प्रसार गरि धेरैभन्दा धेरै पर्यटक भित्र्याउने। वातावरण संरक्षण गर्न स्थानियलाई सचेत गराउँदै जनचेतना फैलाउने। जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिमलाई न्यूनिकरण गरी पर्यटकीय व्यवसायलाई निरन्तर चल्ने बनाउने । देशको मौसम पूर्वानुमान गरी हुन सक्ने विपद्का घटनाहरुलाई कम गर्न विभिन्न सूचना जारी गर्ने । पर्यटन क्षेत्रमा वैदेशिक लगानी भित्राउन तथा आकर्षित गर्न पहल गर्ने । पर्यटन उपजको विकासमा स्थानीय साधन र उत्पादनलाई प्रोत्साहन गर्दै स्थानिय जनसमुदायलाई आत्मनिर्भर बनाउने। पर्यटकीय क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन एवं प्रदुषणको नियन्त्रण गर्नमा जोड दिने । पदमार्ग मास्ने काम बन्द गर्ने । पर्यटकलाई वस्तु तथा सेवा वितरणमा समान मूल्य बनाउने । व्यवसायी व्यवसायीबिचको तिक्तता हटाउने। भौतिक पूर्वधार निर्माण गर्ने तथा आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। पर्यटन सूचना केन्द्रको व्यवस्था गर्ने। उल्लेखित विषयहरुको सुधारमा ध्यान दिन सकेमा नेपालमा पर्यटन क्षेत्रमा नयाँ आयाम थपिनेमा विश्वास गर्न सकिन्छ। त्यसैले सबै तह र तप्काका मानिसहरुले पर्यटन क्षेत्रको विकासमा आत्मसाथ गर्न सके नेपालको आर्थिक वृद्धि हुनुको साथै समुन्नत समृद्धि नेपाल निर्माण गर्न सहज पुग्दछ। कोभिड-१९ को महामारीले सिर्जना गरेको पर्यटकीय क्षेत्रको धरासाही तथा चुनौतीपूर्ण परिस्थितिको सामाना गर्दै पर्यटन क्षेत्रलाई गतिशिल तुल्याउनु राज्यको प्रमुख जिम्मेवारी हो ।


इमेल : sharmajhalakpkr@gmail.com

## सामाजिक सञ्जाल



- रवि मिश्र

मान्छेहरू भन्छन् – एमालेमा घनश्याम भुसालको भविष्य के होला ? उहाँको भविष्य सुरक्षितै छ । किनकी दासढुंगा सम्मेलनले 'दलाल पुँजीवाद' शब्द प्रयोग गर्नमा प्रतिबन्ध लगाइहालेको छैन ।



- विशाल तिमिल्सिना

एमाले महाधिवेशन, चितवन न शंका छ न भनिरहनै पर्छ– अध्यक्षका प्रतिस्पर्धी भीम रावल स्वयंलाई पनि थाहा थियो– चुनाव जितिन्न । तर उनी दबिन चाहेनन् । सानो आन्तरिक संगठन भएपनि उठ्न खोजे लोकतान्त्रिक प्रकृयाबाट । यो साहसको लागि सम्मानीत र उदाहरणीय मान्नुपर्छ ।




- नविन डिस्टर्व

हार्छु भन्ने जान्दा जान्दै पनि निर्वाचन लड्ने भिम रावलको साहसलाई सलाम । गफकै भरमा आफ्नो विशेष पहिचान बनाएका ओलिलाई बधाई । अहिले रावलको आलोचना गर्ने र उनको हारमा हाँस्नेहरू ओलिभक्त हुन् र सधै भक्त नै रहने छन । ओलिलाई टक्कर दिन सक्ने र भोलि पार्टीको नेतृत्व गर्ने नेता रावल नै हुन् ।



- माया छेत्री

कांग्रेस, एमाले, माओवादी र मधेसवादी यिनीहरूको महाधिवेशनको नतिजा जे आएपनि त्यसले राष्ट्रिय राजनीतिमा केही फरक पर्ने देखिन्न । तर, राजेन्द्र लिङ्देनले जिते भने राष्ट्रिय राजनीतिमा कुनै तरंग अवश्य ल्याउला भन्ने थोरै आशा गर्न सकिन्छ कि ?



- टिपी पौडेल

आजको एमालेको चुनावबाट के स्पष्ट हुन्छ भने युवाहरूको बाधक युवा नै हो । भिम रावलहरूले चुनाव जितेको हुन्थ्ये भने अन्य ठुला पार्टीहरूमा पनि यो नियम लागु हुन्थ्यो । नेपालको राजनीति केवल ओलीवाद, सेरेवाद, प्रचण्डेवाद, माकुनेवादमा सिमित हुने पक्का छ ।

## टिप्पणी

● अनुसा थापा



# ओमिक्रोनबाट कसरी जोगिने ?

विश्वको अधिकांश मुलुकमा कोरोनाको नयाँ भेरियन्ट देखापरेको छ । विभिन्न राष्ट्रले नयाँ भेरियन्टबाट आफ्ना नागरिक बचाउन धेरै स्वास्थ्य मापदण्ड र नीतिहरु कडाईपूर्वक अपनाएका छन् । ओमिक्रोन नामक भाइरसबाट बच्न हरेक राष्ट्रले सक्दो प्रयास गरिरहेका छन् । हाम्रै छिमेकी देशहरुले पनि हवाई उडानलगायतका कतिपय कुराहरुमा कडाई गरेका छन् । विज्ञहरुले समेत यस भाइरसबाट बच्न आग्रह गरिरहेका छन् । तर, नेपालमा भने यस भाइरसलाई वेवास्था गरिएको छ । स्वास्थ्य मापदण्डको पालना नगरि मानिसहरु जथाभावी दौडिएका छन् । कोरोनाको नयाँ भेरियन्टलाई कसैले गम्भीरता साथ हेरेका छैनन् ।

कोभिडको दोस्रो लहर नसकिँदै खोलिएको मठमन्दिरमा भक्तजनहरुको पुजाआजा गर्न भीड लाग्ने गरेको छ । मन्दिरमा दर्शन गर्ने, भजनकृतन गाउने भन्दै बुढाबुढीदेखि लिएर महिलाहरु बालबच्चासमेत बोकेर आउने गरेका छन् । सरकारले पटक-पटक स्वास्थ्य मापदण्डको पालना गर्न भनेता पनि हेलचेक्र्याइ गरेर मास्क नै नलगाई मन्दिरामा दर्शन आउनेको घुँइचो देख्न सकिन्छ । मन्दिरमा भएका भीडले कोरोना बढ्ने संज्ञा दिएको छ। यदि कोरोनाबाट जनता बचाउनु छ भने संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयले मठमन्दिर दर्शनमा कडाई गर्नुपर्छ । मठमन्दिर मात्र बन्द गरियो भने कोरोना नियन्त्रण गर्न सरकारलाई निकै सघाउ पुग्छ ।

रात्रिकालिन व्यवसायी, पार्टीप्यालेस, होटल व्यवसाय जस्ता भीडभाड हुने स्थानलाई उच्च निगरानीमा राखेर स्वास्थ्य मापदण्ड अबिलम्ब लगाउनुपर्छ। मानिसहरुको बढी भीडभाड हुने क्षेत्रमा मालपोत, यातायात कार्यालय र राहदानी बनाउने कार्यालयमा पनि अति ध्यान दिनु आवश्यक छ ।

बैंक तथा वित्तीय संस्थाहरु पनि मापदण्डलाई कडाईपूर्वक लागु गराउनुपर्छ । सरकारले बनाएको मापदण्ड पालना गर्नमा बैंक तथा वित्तीय संस्थाहरु यसअघि पनि चुकेको देखिएको थियो । कोरोनाको निकै जोखिम बढाउने सार्वजनिक यातायातमा पनि

कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन' यसअधिको भन्दा बढी जोखिमयुक्त भएको भन्ने स्वास्थ्य विज्ञहरुको भनाईका आधारमा पनि सरकारले यसमा उचित ध्यान दिन आवश्यक छ । कोरोनाको नयाँ भेरियन्टबाट देशका नागरिकहरुलाई बचाउन सरकारले आवश्यक नीति बनाउने बेला आएको छ ।

अनिवार्य मास्कदेखि स्वास्थ्य मापदण्ड पालनामा कडाई गर्नुपर्छ। यता, सरकारी वा निजी विधालयले पनि हेल्थ प्रोटोकलको पालना गरेका छैनन् । विधालयमा सामाजिक दुरीको पालना गर्नु असम्भव जस्तै देखिन्छ। विधार्थीहरुले मास्कसमेत लगाएका छैनन् । अहिले बालबालिका कोरोनाको घेरामा घेरिएका छन् । बालबालिकाले मास्क लगाउदैनन् भने विधालयले स्यानिटाइजर व्यवस्थासमेत गरेको छैनन् । सरकारले बालबालिकाहरुलाई कोरोनाको नयाँ भेरियन्टबाट टाढा राख्न कि प्रभावकारी ढंगले सामाजिक दुरीको पालना गर्न लगाउनुपर्छ ।

चुनाव नजिकिएसंगै राजनीतिक दलहरुको महाधिवेशन, बैठक, सभाजस्ता गतिविधिहरुले स्थान पाएका छन् । दलहरु आफै कोरोनालाई साइडमा राखेर भेला गर्दै हिँडेका छन् । राजनीतिक दलका सबैजसो कार्यक्रमहरुमा स्वास्थ्य मापदण्डको



उल्लंघन भएको देखिन्छ ।

दक्षिणतर्फको खुला सीमाका कारण पनि नेपालमा कोरोनाको जोखिम बढी छ । राज्यले जोखिमलाई ध्यान दिँदै दक्षिणतर्फको नाकामा केही मापदण्ड बनाउन आवश्यक छ । यसअघि पनि दक्षिणतर्फको नाकाबाट नेपालमा कोरोना संक्रमितहरु भित्रिएका थिए । नेपालका अधिकांश नागरिकहरु रोजगारीको लागि भारत गएका छन् । नेपालमा पनि भारतीयको संख्या उल्लेखीय छ ।

भारतमा कोरोना संक्रमणको दर बढेसंगै नेपालीहरु धमाधम आफ् देश फर्किदै छन् । तर, नाकामा कोरोनाको परीक्षण भएको छैन् । भारतबाट नेपाल आउनेहरु सिधैं आफ्नो घर धाइरहेको छन् । जसले गाँउ र टोललाई नै खतरामा पारेको छ ।

ठूला-ठूला व्यापारिक मल, सुपर मार्केटहरु जस्तैः भाटभटेनी, बिग मार्ट, लबिम मलमा पनि सरकारले बनाएको मापदण्ड पालना भएको छैन् । सिनेमा घरहरुले पनि अलिक लापरबाही नै गरेका छन् । घरघरमा कबाडी सामान लिन आउनेलाई कोरोनाको बारे मतलब छैन् । फुटपाथ व्यापारी, ठेलागाडा व्यापारी र कराना पसलेले पैसाभन्दा अरु केही देखेका छैन् । सडक छेउछाउ पुरै ढाकेर बसेका फुटपाथ व्यापारीहरुले पनि स्वास्थ्य मापदण्डको पालना गरेको छैनन् ।

उपत्यकामा जनघनत्व बढी भएको कारण पनि कोरोनाको जोखिम अन्यत्रभन्दा धेर गुणा बढी छ । उपत्यकाका नगरहरुले यसअघि जस्तै क्रमिक रुपमा स्वास्थ्य मापदण्ड लागु गर्ने विषयमा कार्यक्रमहरु बनाउनुपर्छ। यति गरिदिने हो भने उपत्यकाबासीले कोरोना लाग्ने डरबाट अलिकति भएपनि राहत पाउथे। यदि केही गरि कोरोनाले विकराल रुप लियो भने उपत्यकामा व्यवस्थापन गर्न धेरै सकस पर्नेछ।

कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन' यसअघिको भन्दा बढी जोखिमयुक्त भएको भन्ने स्वास्थ्य विज्ञहरुको भनाईका आधारमा पनि सरकारले यसमा उचित ध्यान दिन आवश्यक छ। कोरोनाको नयाँ भेरियन्टबाट देशका नागरिकहरुलाई बचाउन सरकारले आवश्यक नीति बनाउने बेला आएको छ । स्वास्थ्य मापदण्डका कुराहरुलाई अबदेखि नै कडाईपूर्वक पालना गराउन आवश्यक देखिन्छ ।

## पाठक-पत्र

### 'बा' वादबाट मुक्त भएन एमाले

नेकपा (एमाले)को १० औं राष्ट्रिय महाधिवेशनबाट जेजसरी नेतृत्व चयन भएको छ यसले एमालेलाई नयाँ बनाउन सकेन। एमाले 'बा' वादबाट मुक्त होला भन्ने अपेक्षा महाधिवेशनबाट पुरा भएन । एमालेमा पुनः 'बा'ले महाधिवेशनसँगै संस्थागत रुप लिएको छ ।

आज एमालेको नेतृत्वमा जोजो आएका छन् ती सबै केपी शर्मा ओलीलाई 'कमरेड' होइन 'बा' भन्ने मात्रै छन्। ओलीसँग फरक मत राख्ने वा आलोचनात्मक चेत राख्ने नेताहरु महाधिवेशनबाट किनारा लागेका छन्। ओलीको गलत बोलीमा होमा हो गर्ने प्रवृत्तिका बोकेका जमात मात्रै महाधिवेशनबाट अनुमोदित बनेको छ ।

एमालेमा नयाँपन खोज्ने समूह सुरुदेखि नै ओलीको विकल्प खोज्नुपर्छ भन्ने लाइनमा थियो । तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को विघटन, ब्यूँतिएको एमालेमा भएको विभाजनलाई र सत्ताबाट बाहिरिँदै निरंकुश र स्वेच्छाचारीताको 'ट्याग' लागेको एमालेलाई शुद्धिकरण गर्न एउटा समूह सक्रिय थियो । तर, उक्त समूहको योजना यो महाधिवेशनबाट पुरा भएन । महाधिवेशन बरु त्यो गलत प्रवृत्तिलाई संस्थागत गर्ने काम गरेको छ। गलत प्रवृत्ति संस्थागत गरेको यो नेतृत्वबाट जनताले अपेक्षा गर्ने अवस्था छैन् ।

**दिनेश अर्याल**, *काठमाडौं*

### धर्म परिवर्तन गराउनेलाई कारबाही गर्नुपर्छ

राष्ट्रसंघीय महासन्धीले पनि धर्म संस्कृति परिवर्तन गराउने कामलाई अस्वीकार गरेको छ। धर्म संस्कृति परिवर्तन गराउने कामले समाजको अस्वीत्व नै नामेट बनाउने खतरा हुन्छ। धर्म संस्कृतिसँग जोडिएको समुदायको इतिहास धरापमा पार्ने काम गलत हो ।

नेपालमा लामो समयदेखि नै खुलम खुला प्रलोभनमा धर्म परिवर्तन गराउने गिरोह सक्रिय भएको देखिन्छ। व्यक्तिका घर-घरमा ननिम्त्याईकन उनीहरु पाहुन बनेर पुगिरहेका हुन्छन्। उनीहरु आर्थिक प्रलोभनसमेत देखाएर धर्म परिवर्तन गराएका हुन्छन्। विशेषतः दलित, जनतजाती र पिछडिएको क्षेत्रमा धर्म परिवर्तन गराउने गिरोह सक्रिय देखिन्छ ।

मंगबार डोल्लामा जिल्ला अदालतले धर्म परिवर्तन गराउँदै हिँडेका पास्टर केशवराज आचार्यलाई कैद सजायँ सुनाएको छ। यो निर्णय निकै नै उचित छ। आचार्य मात्रै होइन पश्चिमी पैसाको आडमा नेपालमा धर्म परिवर्तन गराउन सक्रिया संस्थागत गिरोहलाई नै कारबाहीको दायरा ल्याउनुपर्छ । यदि त्यो काम भएन भने नेपालको सनातकिन धर्म संस्कृति नै संकटमा फस्नेछ । साथै मिलेर बनेको समाज पनि भड्कीने खतरा छ ।

**खगेन्द्र पौडेल**, *स्याङ्जा*

# एउटै विद्यालयमा दुई प्रधानाध्यापक !



**यामराज विष्ट/मध्यान्ह**
दैलेख, १४ मंसिर

दैलेखको एक विद्यालयमा दुई जना प्रधानाध्यापक रहेका छन् । नारायण नगरपालिका ३ कालिमाटीस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा दुई जना प्रधानाध्यापक रहेका हुन् ।

शिक्षा विकास तथा समन्वय इकाइबाट२०७६ भदौं ६ गतेको निर्णय अनुसार देवीकुमारी बुढालाई प्रधानाध्यापकको जिम्मेवारी दिइएको छ तर, २०७८ मंसिर ४ गते सोही विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकले देवीकुमारी बुढालाई प्रधानाध्यापकको जिम्मेवारीबाट हटाएर निमावी शिक्षक रंगनाथ खनाललाई जिम्मेवारी दिएको छ ।

विद्यालयको छाप र लेटरप्याट सदस्य सचिव प्रधानाध्यापकलाई थाहा नै नदिएर दुरुपयोग गरेको भन्दै प्रमुख जिल्ला अधिकारीको मुद्दा समेत परेको छ । शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख तेजबहादुर थापाले नारायण नगर शिक्षा इकाइबाट विद्यालयको मुद्दाबारे सुनुवाई नभए आफुले त्यो मुद्दाका बारेमा निर्णय लिने बताए । विद्यालयमा प्रधानाध्यापक बुढाले मर्यादित र जिम्मेवार शिक्षक बनाउनका लागि शिक्षकहरुलाई स्पष्टिकरण समेत सोधेकी थिइन्। कम्प्युटर लगायतका सामग्री खरिदमा हिनामिना भएको आंशका छ। विद्यालय व्यवस्थापन समितिको अध्यक्षकै मिलोमतोमा विद्यालयमा हिनामिना भएकाले त्यो ढाकछोप गर्न प्रधानाध्यापक परिवर्तन गरेको जनाइएको छ ।

प्रधानाध्यापक बुढा मावि तहको शिक्षिका हुन्। तर विद्यालय व्यवस्थापन समितिले निमावि शिक्षक रंगनाथ खनाललाई दिएको छ। राजनीतिक खिचातानीका कारण विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद न्यौपानेले आफु अनुकुलका प्रधानाध्यापक राखेको आरोप लागेको छ । आफु कार्यरत हुँदा हुँदै विद्यालय व्यवस्थापन समितिले अर्को प्रधानाध्यापक चयन गर्नु गलत भएको प्रधानाध्यापक देवीकुमारी बुढाले मध्यान्हसँग बताइन्। यता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद न्यौपानेले भने विद्यालयमा छलफलका लागि अभिभावकलाई बोलाउन भन्दा नमानेकी, सुत्केरी बिदामा बस्दा निवेदन नदिएकी, पटक- पटक सुधिन भनेर मौखिक रुपमा भनेपनि नमानेपछि मंसिर ४ गते स्पष्टिकरण सोधिएको र भनेको जस्तो जवाफ नआएपछि बुढालाई प्रअबाट हटाइएको बताए ।

राजनीतिक खिचातानीका कारण विद्यालयमा नियमित रुपमा भनेजस्तो पढाई, स्वच्छ खानेपानी र शौंचालयको समेत उचित प्रबन्ध नरहेको विद्यार्थीहरुले गुनासो गर्दै आइरहेका छन् ।

# प्रहरी प्रमुख थापा स्वदेश फिर्ता



**काठमाडौं/मस**-प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को महासभामा सहभागी भई स्वदेश फर्किएका छन् ।

टर्कीको इस्तानबुलमा यही मङ्सिर ७ देखि ९ गतेसम्म इन्टरपोलको ८९औं महासभा भएको थियो । उक्त महासभामा सहभागी प्रहरी अतिरिक्त महानिरीक्षक प्रद्युम्नकुमार कार्की र प्रहरी उपरीक्षक सबिन प्रधानसमेत स्वदेश फिर्ता भएका हुन् ।

उनीहरुलाई प्रहरी अतिरिक्त महानिरीक्षक निरजबहादुर शाही, प्रहरी नायब महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थमा स्वागत गरेका थिए । ८९ औं महासभामार्फत दी फेडेरेटेड स्टेट्स अफ माइक्रोनेसियाले १९५औं सदस्य राष्ट्रका रुपमा नयाँ सदस्यता प्राप्त गरेको छ । इन्टरपोलको ९०औं महासभा भारतको नयाँ दिल्लीमा आयोजना हुने निर्णय भएको र चालु महासभाले ९१औं महासभा अस्ट्रियाको राजधानी भियनामा आयोजना गर्ने निर्णय गरेको छ ।

महासभाले इन्टरपोल अध्यक्षमा युएईका अहमद नासिर अल रैसी अफ्रिका महादेशका लागि उपाध्यक्षमा नाइजेरियाका गार्बा बाबा उमर र अमेरिका महादेशका लागि ब्राजिलका भाल्डेसी उरक्विजा सहित नौजना कार्यकारी सदस्यहरू मनोनयन गरेको छ ।

महासभामा सहभागी १९५ इन्टरपोल सदस्य राष्ट्रका प्रमुख तथा प्रतिनिधिले इन्टरपोलको कार्यकारी समितिसम्बन्धी कानुनी व्यवस्था, इन्टरपोलको रणनीतिक योजना (२०२२-२०२५) कार्यक्रम तथा बजेट, कार्यनीति तथा रणनीति साझेदारी, बालबालिकाविरुद्धका अपराध, विद्युतीय अपराध, आतंकवाद, मानव बेचबिखन जस्ता अपराधलगायत विविध विषयमा छलफल भई महत्वपूर्ण प्रस्तावहरु पारित गरेको छ ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले महासभाको दौरानमा भारत, युएई, दक्षिण कोरिया, बंगलादेश, टर्कीलगायत मुलुकका प्रहरी प्रमुखसँग छुट्टाछुट्टै भेटघाट गरी द्विपक्षीय हित तथा सहयोग आदानप्रदानका विषयमा छलफल गरेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।


## बीमालेख हरायो

मिति २०७८/०७/०३ गते भक्तपुर देखि कोटेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिक को प्रहरी कार्यालय मा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : सुमन खनाल
बीमालेख पोलीसी नं.:१०७०३९७९५
सम्पर्क नं.:९८२३८४७००
नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड



## साउदीमा रोजगार

१. कम्पनी: JADDARAH RECRUITMENT COMPANY शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/०७/०१ चलानी नं.: ६०१६५४७० L.T. No.: 248712 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 72 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL-SHALAWI INTERNATIONAL COMPANY FOR READY MIX CONCRETE शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०१/०३ चलानी नं.: ६०१५७४५८ L.T. No.: 239333 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 30 | 0 | स. काममा दक्ष | 1900 | ६०,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु. १०,०००/- क.नं. २ नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com



## KUWAIT, SAUDI र OMAN मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : AL MADAR FOR RESTAURANTS MANAGEMENT CO. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०८/१० चलानी नं.: ६०१६९११० LT. No.: 251032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 5 | सम्बन्धित काममा दक्ष | 130 | ५१,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 5 | 0 | | 85 | ३३,६६० | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 130 | ५१,४८० | | | | | | | |
| 4. | Cdp | 5 | 0 | | 200 | ७९,२०० | | | | | | | |
| 5. | Head Chef | 2 | 0 | | 500 | १,९८,००० | | | | | | | |

२. कम्पनी : Note International General Contracting Company शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६९०१९ LT. No.: 252095

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FISH PAN SEAFOOD RESTAURANT शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६९१११ LT. No.: 251714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : LILAC INVESTMENTS LLC शहर: MUSCAT

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६९११२ LT. No.: 251712

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook-General | 4 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ४९,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | dish washer | 1 | 0 | | 120 | ३७,३९४ | | | | | | | |
| 3. | Arabic Coffee Maker | 1 | 0 | | 140 | ४३,६२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9803190690,9818330451, 9826144356,9801818437, Email: aslesha.international@gmail.com



## साउदीमा रोजगारको अवसर

१. कम्पनी: EASTERN CONSTRUCTION MAINTENANCE COMPANY शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१७१ LT. No.: 252285

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Labour | 99 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: EASTERN CONSTRUCTION MAINTENANCE COMPANY शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१७२ LT. No.: 252283

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Labour | 99 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Gov. Lic. No. 186/057/058
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Mobile No.: 9841337113 / 9869346269 . Website : www.bluegalaxyovs.com



## कतारमा रोजगारको अवसर

कम्पनी: GOODWILL INTERNATIONAL FOODSTUFF शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९२०३ L.T. No.: 252385

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Representative | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८२,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३२,९१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
DHR Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-15104632, 01-5104634, E-mail:destinydocumentation62@gmail.com



## साउदीमा रोजगार

कम्पनी: ABDULLAH M. AL-SAYARI EST. FOR CONTRACTING शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१७० L.T. No.: 252130

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०



## साउदीमा रोजगारको अवसर

१. कम्पनी : JADDER COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१६९०४४ LT. No.: 252039

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Caterer | 5 | 0 | स. काममा दक्ष | 1400 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AHMED AL ZAHRANI EST शहर : KSA

पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१६९०४६ LT. No.: 252346

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al-karim Human Resources Pvt.ltd**
श्रम इजाजत नं. ११८१/०७३/७४
Chakrapath, Kathmandu, Tel: 01-4521056 | 4521108
Email : alkarimhumanresources2017@gmail.com, Website : www.alkarimhumaresources.com



## कतारमा रोजगार

कम्पनी: MK TRADING AND CONTRACTING शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१६५ LT. No.: 252451

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,७८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 5 | 0 | | 1400 | ४६,०७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ ।

